राष्ट्रिय साप्ताहिक

# जनजिब्रो

Janajibro National Weekly

सत्य समाचार, तथ्यमा आधारित विश्लेषण
सन्तुलित विचार, मर्यादित भाषाशैली
स्वस्थ मनोरञ्जन, शिष्टाचारयुक्त प्रस्तुति
खोजपूर्ण र ज्ञानवर्द्धक सामग्रीका लागि
newskoseli.com
सबैतिरबाट, सबैका लागि

वर्ष– २९, अङ्क– ८, भदौ २९ गते शुक्रबार, २०८० (15 September, 2023) | www.janajibro.com | मूल्य रू. १०।-

# चीन भ्रमण फलदायी हुने प्रमको अपेक्षा

## छिमेकीहरूबीच सन्तुलित कूटनीतिक सम्बन्धमा विशेष जोड

■ जनजिब्रो संवाददाता

**काठमाडौं ।** प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' ले आफ्नो आसन्न संयुक्त राष्ट्रसङ्घीय महासभा र चीन भ्रमणका विषयमा शीर्ष राजनीतिक दलहरूसँग अन्तर्क्रिया गरेका छन् । प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबारमा हालै आयोजित अन्तर्क्रिया कार्यक्रममा प्रधानमन्त्रीले आफ्नो विदेश भ्रमणबारे जानकारी गराउँदै संसद्मा प्रतिनिधित्व गर्ने राजनीतिक दलका नेता एवं पूर्वप्रधानमन्त्रीहरूसँग छलफल गरेका हुन् ।



बैठकमा पूर्व प्रधानमन्त्रीहरू, विभिन्न राजनीतिक दलका शीर्ष नेता, पूर्व परराष्ट्रमन्त्रीहरू लगायत सहभागी थिए । छलफलका क्रममा नेताहरूले छिमेकीसँग सन्तुलित कूटनीतिक सम्बन्ध कायम गर्न विशेष जोड गर्नुपर्ने, विगतका सम्झौता कार्यान्वयनको अवस्थाबारे समीक्षा गर्नुपर्ने, दुवै देशले एक-अर्काको सुरक्षालगायत द्विपक्षीय चासोका विषयमा ध्यान दिनुपर्ने, नेपालको असंलग्न परराष्ट्र नीतिलाई दृढतापूर्वक कार्यान्वयन गर्दै छिमेकीलाई विश्वासमा लिनुपर्ने, नेपालले लाभ लिन सक्ने विषयमा राम्रो गृहकार्य गरेर भ्रमणमा जानुपर्ने लगायतका सुझाव दिएका थिए । बैठकमा बोल्दै प्रधानमन्त्री प्रचण्डले आफ्नो चीन भ्रमण फलदायी र प्रभावकारी हुने अपेक्षा व्यक्त गर्दै त्यसका लागि आवश्यक गृहकार्य गरिएको जानकारी गराएका थिए ।

'यो छलफल आसन्न चीन भ्रमणलाई बढीभन्दा बढी फलदायी र प्रभावकारी कसरी बनाउने भन्ने उद्देश्यका साथ बोलाइएको हो,' उनले भने- 'यहाँ तपाईंहरूले जुन सुझाव दिनुभएको छ, यी महत्त्वपूर्ण छन् । यिनले मेरो भ्रमणलाई प्रभावकारी बनाउन सहयोग पुऱ्याउनेछन् । भ्रमण फलदायी बनाउन सकेसम्म प्रयास गरिएको छ । भ्रमण फलदायी र प्रभावकारी हुन्छ ।'

प्रधानमन्त्री प्रचण्डले निकट भविष्यमै गर्न लागेको

क्रमशः अन्तिम पृष्ठमा

## भारतीय सवारीसाधन
## सञ्चालन गर्न दिने सम्झौता खारेज गर्न माग

**काठमाडौं ।** नेपाल यातायात व्यवसायी राष्ट्रिय महासंघले भारतीय मालवाहक र यात्रुवाहक सवारी साधन नेपालभित्र सञ्चालन गर्न दिने ७२ घण्टे असमान सम्झौता तत्काल खारेज गर्न माग गरेको छ ।

महासंघको भदौ २२ र २३ गते बसेको केन्द्रीय कार्यसमितिको बैठकको निर्णय सार्वजनिक गर्दै भारतीय मालवाहक र यात्रुवाहक सवारीसाधन नेपालभित्र सञ्चालन गर्न दिने ७२ घण्टे असमान सम्झौता खारेज गर्न माग गरेको हो ।

महासंघका महासचिव डेकनाथ गौतमले विगत दुई दशकदेखि संस्था दर्ता ऐन, २०३४ मा रहेका संघ, समितिलाई सिन्डिकेटका नाममा अध्ययन र व्यवस्थापन विना हचुवाको भरमा कम्पनीमा रूपान्तरण गर्दा यातायात क्षेत्र सञ्चालनमा समस्या परेको बताए ।

सरकारलाई सार्वजनिक यातायात क्षेत्रलाई व्यवस्थित, मर्यादित, यात्रुमैत्री, प्रविधियुक्त बनाउन सरोकारवाला सहितको सहभागितामा अधिकार सम्पन्न यातायात प्राधिकरण गठनका लागि पूर्वसचिव शरदचन्द्र पौडेलको संयोजकत्वमा कार्यदल निर्माण गरिएकाले महासंघबाट पेस गरिएका सुझाव तत्काल कार्यान्वयन गर्न आग्रह समेत गरिएको छ ।

महासचिव गौतमले २० वर्षे सवारी साधन विस्थापन गर्ने अवैधानिक नीति तत्काल खारेज गरी सार्वजनिक सवारी साधनको यान्त्रिक परीक्षणबाट उपयुक्त देखिएका सवारी साधन सञ्चालन गर्न दिनुपर्ने बताए । महासंघले विगत चार वर्षदेखि कच्चीसहर रहेका नेपालका राजमार्गमा पुनर्निर्माण कार्य सम्पन्न नहुँदासम्म कच्ची सडकको भाडादर कायम गर्नुपर्ने, सार्वजनिक सवारी साधनको पाटपुर्जा, टायर, मजदुर ज्यालालगायत कारणले प्रत्येक वर्ष भाडादर समायोजन गर्नुपर्ने, काठमाडौं उपत्यकामा सञ्चालन हुने टिपरहरू बेलुका ७ देखि बिहान ७ बजेसम्म सञ्चालन गर्न दिन समेत आग्रह गरेको छ ।


यसैगरी बैंक तथा वित्तीय संस्थाको ब्याजदर एक अंकमा ल्याउनुपर्ने, एपबाट सञ्चालन भएका निजी सवारी साधनलाई तत्काल रोक लगाउनु पर्ने, पर्यटन सवारी साधनको भाडादर समायोजन गर्नुपर्ने, आउँदै गरेका महान पर्वमा वर्षाका कारण बिग्रेका सडक मर्मतसम्भार गर्न समेत सरकारसँग अनुरोध गरेको छ ।

स्थानीय तहले जथाभावी लिँदै आएको पटके कर तत्काल खारेज गनुपर्ने भन्दै महासंघले दुईपांग्रे सवारी साधनले सार्वजनिक सवारी साधनसरह यात्रु बोकेको भन्दै त्यसलाई तत्काल रोक लगाउनुपर्ने, सार्वजनिक सवारी साधन दुर्घटना हुँदा सवारी साधन प्रहरी नियन्त्रणमा २४ घण्टाभन्दा बढी राख्न नपाइने कानुनी व्यवस्थालाई तत्काल लागू गर्न सरकासँग आग्रह गरेको छ ।

यस्तै सरकारले ज्येष्ठ नागरिक, विद्यार्थीलाई सहुलियत दिएबापत सार्वजनिक सवारी साधनको वार्षिक करमा ६० प्रतिशत छुट दिँदै आएको व्यवस्था हटाएको भन्दै छुटको व्यवस्था मिलाउन आग्रह गरिएको महासंघका अध्यक्ष विजयबहादुर स्वाँरले जानकारी दिए । उनले देशको अर्थतन्त्रको मेरुदण्डका रूपमा रहेको यातायात क्षेत्रको विकासका लागि सरकारले सहयोग गर्नुपर्ने बताए ।

## आमा– १४

**२८ मार्च, १८६८ मा जन्मेर १८ जुन, १९३६ मा निधन भएका विश्वचर्चित मार्क्सवादी लेखक–साहित्यकार म्याक्सिम गोर्कीको औपचारिक नाम भने एलेक्सी म्याक्सिमोभिच पेस्कोभ हो । रूसी साहित्यकार गोर्की लेखक, नाटककार, उपन्यासकार मात्र नभई समाजवादी यथार्थवादी साहित्यिक धाराका संस्थापक समेत हुन् । कारखानामा काम गर्ने मजदूरहरूको आन्दोलनमा आधारित रही गोर्कीले लेखेको विश्वचर्चित उपन्यास 'द मदर' सन् १९०६ मा सर्वप्रथम अङ्ग्रेजी भाषमा प्रकाशित भएको थियो । नेपालीमा समेत प्रकाशित 'आमा' उपन्यास संसारभर अनेकौं भाषामा प्रकाशित छ । यसैमा आधारित भएर धेरै चलचित्रहरू समेत बनिसकेका छन् । पाठकहरूका निम्ति रूचिकर एवम् ज्ञावर्द्धक हुने ठानी यस स्तम्भमार्फत 'आमा' उपन्यासलाई क्रमशः प्रकाशित गरेका छौं ।**



धारावाहिक उपन्यास

म्याक्सिम गोर्की

उनीहरूले यस्तै दुई चार सानातिना कुराहरू गरे, आमाले देखिन्, पाभेल बडो प्रेमपूर्वक उनलाई हेर्दै छ । ऊ सधैं जस्तो शान्त गम्भीर देखिन्थ्यो । ऊ अलिकति पनि बदलिएको थिएन । खालि उसको हात बढी फीका देखिन्थ्यो र दाढी झन लामो भएको थियो, जसले गर्दा ऊ अहिले निकै पाको देखिन्थ्यो । आमा उसलाई कुनै खुशीको खबर सुनाउन चाहन्थिन्, उनी उसलाई निकोलाइबारे बताउन चाहन्थिन् । त्यसैले उनले त्यही कोमलतासाथ, जुन स्वरमा अहिलेसम्म उनीहरू सानातिना कुराहरू गर्दै थिए, भनिन्ः

"तिम्रो धर्मपुत्रसँग भेट भएको थियो....।"

पाभेल चुपचाप प्रश्नसूचक दृष्टिले उनको आँखामा हेर्दै थियो । आमाले उसलाई भेसोभशिकोभको छ्याकटे अनुहार याद दिलाउन आफ्नो गालामा औंलाको संकेतले देखाइन् ।

क्रमशःदोस्रो पृष्ठमा

विजय प्राप्त गर्ने र सत्ता हातमा लिने कुरा तिनीहरूका लागि मात्र सम्भव छ, जो जनतालाई विश्वास गर्दछन् र उनीहरूकै सिर्जनात्मक क्षमतामा भर परेर फइको मार्न तयार हुन्छन्। -लेनिन

जनजिब्रो साप्ताहिक
वर्ष- २९, अङ्क- ८, भदौ २९ गते शुक्रबार, २०८०

## सम्पादकीय

# प्रधानमन्त्रीको विदेश भ्रमण सफल बनोस्

अर्को महिनाको पहिलो र दोस्रो सातासम्ममा प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' ले दुई महत्त्वपूर्ण विदेशी राष्ट्रको औपचारिक भ्रमण सम्पन्न गर्ने भएका छन्। आफूलाई विश्वमहाशक्ति दावी गर्ने संयुक्त राज्य अमेरिका तथा अमेरिकालाई पनि पछारेर आफूचाहिँ विश्वमहाशक्ति बन्ने प्रयासमा रहेको खुलेआम घोषणा गरेको चीन दुवै राष्ट्रमा नेपालका प्रधानमन्त्रीको भ्रमण एकैसाथ सम्पन्न हुँदैछ।

यसअघि भारतको औपचारिक भ्रमण सम्पन्न गरिसकेका प्रधानमन्त्री प्रचण्डका यी दुई भ्रमणलाई राष्ट्रिय सन्दर्भमा महत्त्वका साथ हेरिएको छ। एक त नेपालको उत्तरी सीमामा अवस्थित छिमेकी मित्रराष्ट्र र अर्कोतिर आर्थिक प्रगति र समृद्धिको उत्कर्षमा पुग्दै गरेको राष्ट्रमा भारत-चीनबीच च्यापिएको, निकै सानो भूगोल र जनसङ्ख्या भएको विकासशील राष्ट्र नेपालका कार्यकारी प्रमुखको भ्रमण अर्थपूर्ण नहुने कुरै भएन। यद्यपि आत्मनिर्भरता, स्वावलम्बन र आत्मविश्वासमा भन्दा पनि 'ठूला', 'विकसित' र 'शक्तिशाली' राष्ट्रको मुख ताकेर यहाँको राजनीति टिकाउने सदियौंदेखिको नेपाली राजनीतिको सन्दर्भ जान्ने-बुझ्नेहरूले प्रधानमन्त्रीका यी भ्रमणहरूलाई 'विगत र परम्पराकै निरन्तरता' बाहेक केही पनि नभएको र नहुने रूपमा पनि हेर्ने र अर्थ्याउने काम गरिरहेकै छन्।

भूमण्डलीकृत वर्तमान परिप्रेक्ष्यमा छिमेकी राष्ट्रहरू र अन्तर्राष्ट्रिय मुलुकहरूसँग समुचित सम्बन्ध, सहकार्यको आदान-प्रदान र भेटघाट, वार्तालाप, छलफल, समझदारी, सम्झौता आदि निरन्तररूपले भइरहनु अनिवार्य र सामान्य प्रक्रिया नै हो। तर, राष्ट्रिय स्वार्थभन्दा पनि निहित र क्षुद्र स्वार्थलाई प्रधानता दिने नेपाली शासकहरूको विगतदेखिकै प्रवृत्तिका कारण यी र यस्ता भ्रमणहरू मुलुक तथा जनताका निम्ति खासै उत्साहप्रद, लाभदायी र सफल नहुने; ती केवल औपचारिकतामा सीमित हुने वा अझ 'राष्ट्रघात' मै परिणत हुनेसम्मका त्रास जनतामा व्याप्त छ। यी र यस्ता पक्षहरूलाई तोडेर प्रधानमन्त्रीको भ्रमण सफल हुन सकोस्।

## ... आमा- १४

"केटो एकदम ठीक छ छिट्टै काम पाउनेछ।"

पाभेलले आमाको संकेत बुझ्यो र टाउको हल्लायो, उसका आँखामा एक उल्लासपूर्ण मुस्कुराहट चम्कँदै थियो।

"राम्रै भएछ।"- उसले जवाफ दियो।

"लौ त।"- आमाले दङ पर्दै भनिन्। छोरा रमाएको देखेर उनी खुशी थिइन्।

आमासँग बिदा हुँदै पाभेलले बडो जोडले आमाको हात समायो र भन्यो -

"धेरै धेरै धन्यवाद, आमा।"

उनी छोराको हृदयप्रति एक उल्लासमय निकटता अनुभव गर्दै थिइन् र यो भावना आमाको दिमागमा कुनै कडा रक्सीको नशा जस्तै फैलिँदै थियो। उसलाई जवाफ दिने शब्द उनीसँग थिएन, त्यसैले उनी चुपचाप उसको हात समातेर उभिइरहिन्।

घर पुग्दा साशा उनलाई पर्खेर बसिरहेकी थिइन्। साशा अक्सर त्यस दिन आमालाई भेट्न आउने गर्थिन् जुन दिन आमा पाभेललाई जेलमा भेट्न गएकी हुन्थिन्। उनी कहिल्यै पाभेलबारे केही कुरा सोध्दैनथिन् र यदि आमाले आफैं उसबारे चर्चा गरिनन् भने उनी आमाका आँखा एकटकले हेरिरहन्थिन् र यस प्रकारले आफ्नो चित्त बुझाउने कोशिश गर्थिन्। तर यसपल्ट उनले बडो उत्सुकतासाथ सोधिन् -

"कस्तो छ उसलाई।"

"ठीक छ।"

"त्यो चीट दिनु भो?"

"हो, दिएँ। बडो छट्टु तरीकाले उसको हातमा घुसारिदिएँ...।"

"पढ्यो त?"

"त्यहाँ? कसरी पढ्न सक्दथ्यो उसले त्यहाँ?"

"हो त नि, मैले त बिर्सिहालेकी।"- साशाले बिस्तारै भनिन् - "अब एक हप्ता पर्खनु छ पूरा एक हप्ता। तपाईंलाई कस्तो लाग्छ मान्ला ऊ?"

साशा आँखीभौं खुम्च्याएर बडो उत्सुकतापूर्वक आमालाई हेर्दै थिइन्।

"खोइ, थाहा छैन।"- आमाले केही सोच्दै भनिन् - "यदि कुनै खतरा छैन भने किन नमान्नु र?"

साशाले टाउको झट्कारिन् र रुखो स्वरमा सोधिन्:

"तपाईंलाई थाहा छ बिरामीलाई के खान दिने हो? ऊ भोक लाग्यो भन्दैछ।"

"जे दिए पनि हुन्छ पर्खनोस्, म अहिले आउँछु...।"

आमा भान्सा-कोठातिर लागिन्, साशा बिस्तारै उनको पछिपछि लागिन्।

"तपाईंलाई मद्दत गर्ने हो कि?"

"पर्दैन, के कुरा गरेकी त्यस्तो।"

आमा झुकिन् र चूल्होबाट एउटा भाँडो झिकिन्।

"मलाई एउटा कुरा भन्नु थियो।"- केटीले बिस्तारै भनिन्।

उनको अनुहार मलिन भयो, आँखा वेदनाले फाटिएला जस्ता देखिन्थे र ओठ काँप्दै थिए। उनले सानो स्वरले भनिन् -

"म तपाईंलाई भन्न चाहन्थें र मलाई विश्वास छ ऊ मान्ने छैन। तपाईं उसलाई मनाउन सक्नुहुन्न? तपाईं भन्नोस् उसको यहाँ खाँचो छ, भन्नोस् यहाँ कामको लागि उसको आवश्यकता छ, मलाई डर लाग्छ कहीं ऊ बिरामी त पर्ने होइन। तपाईंलाई थाहा नै छ मुद्दा सुरु हुन अझ धेरै समय लाग्नेछ...।"

स्पष्ट थियो, केटीलाई बोल्न धेरै गाह्रो परिरहेको छ। उनको आवाज लड्खडाउँदै थियो, उनी यताउता हेर्दै तन्किएर उभिइन्। एक छिनपछि एकदम थाके जस्तो उनको आँखा बन्द गरिन् र ओठ टोक्न थालिन्। आमा सुन्दै थिइन्, कसरी बन्द मुठीभित्र उनका औंला बज्दै थिए।

साशाको यस आकस्मिक भावोद्वेगले आमालाई अलमल्याइदियो। तर साशाको हृदयको भावना बुझे। आमाले उनलाई अंकमाल गर्दै भनिन्:

"कठै छोरी।"- आमाले खिन्न स्वरमा भनिन् - "ऊ सधैं आफैंले चाहेजस्तो गर्छ कसैको कुरा सुन्दैन, कसैको।"

दुवैजना एकदोस्रोलाई अंकमाल गरेर चुपचाप उभिइरहे। एकछिनपछि साशाले आफूलाई आमाको बन्धनबाट छुटाउँदै काँपेको स्वरमा भनिन्:

"तपाईंले ठीकै भन्नुभयो। यो सब बेवकुफी हो, पछिल्लो समय निकै थाकेजस्तो लाग्छ..।"

फेरि एक्कासि गम्भीर हुँदै भनिन् -

"आउनोस्, बिरामीलाई खाना दिऔं...।"

इभानको बिछ्यौनाको छेउमा बसेर उनी बडो मायालु स्वरमा सोध्दै थिइन्:

"धेरै दुःख्दै छ कपाल?"

"त्यस्तरी त होइन, तर सब कुरा धमिलो लाग्छ। एकदम कमजोरी अनुभव गर्दैछु।"- उसले जवाफ दियो र अलि लाज मान्दै चिउँडोसम्म सिरक तान्यो र यस किसिमले आँखा खुम्च्याउँदै हेर्न थाल्यो मानौं बत्तीको प्रकाशले उसका आँखा तिरमिराउँदै छन्। साशाले बुझिन्, ऊ धेरै लजालु छ र उनको अगाडि खाने छैन, त्यसैले कोठाबाट बाहिर निस्किन्।

इभान बिछ्यौनामा बस्यो र बाहिर निस्कन थालेकी साशालाई हेरिरह्यो।

"कति राम्री।"- आँखा झिम्क्याउँदै भन्यो।

इभानका नीला आँखा उल्लासले भरिएका थिए, उसका दाँत स-साना र चिटिक्क परेका थिए, स्वर अझ पनि बदलिएको थिएन।

"कति वर्षको भयौ?"- आमाले केही सोच्दै सोधिन्।

"सत्र...।"

"आमा बा कहाँ बस्नुहुन्छ नि?"

"गाउँमा। म दश वर्षदेखि यहीं छु। स्कूल सिध्याएर सीधा यतै आएँ। कमरेड तपाईंको नाम के हो नि?"

"मेरो नाम थाहा पाएर के गर्छौ?"- आमाले मुस्कुराउँदै भनिन्। कसैले "कमरेड" भनेर सम्बोधन गर्दा आमालाई अनौठो अनुभूति हुन्थ्यो।

एकछिनसम्म लज्जित भएर चुप लागिसकेपछि युवकले भन्यो:

"कुरा के हो भने हाम्रो अध्ययन मण्डलीमा एकजना विद्यार्थी हामीलाई पढाउने गर्थ्यो, उसले पाभेल भ्लासोभ नाम गरेको एक मजदूरकी आमाबारे हामीलाई बताएको थियो। तपाईंलाई मे दिवसको जुलुस याद छ?"

उनले टाउको हल्लाइन् र एक्कासी सतर्क भइन्।

"ऊ पहिलो व्यक्ति थियो, जसले हाम्रो पार्टीको झण्डा बोकेर सडकमा निस्कने आँट गरेको थियो।"- उसले गर्वपूर्वक भन्यो र उसको यो गर्वको भावना आमाको हृदयमा प्रतिध्वनित भयो।

"म त्यसबेला त्यहाँ थिइन, हामी त्यसबेला आफ्नै जुलुस निकाल्ने तर्खरमा थियौं, तर सफल हुन सकेनौं। त्यस बेला हाम्रो संख्या थोरै थियो। तर अर्को साल हेर्नुहोला हामी जुलुस निकालि छाड्नेछौं।"

भविष्यको उत्साहले उसलाई सास फेर्न समेत मुश्किल पर्दै थियो।

"म त्यही भ्लासोभकी आमाको कुरा गर्दै थिएँ।"- उसले आफ्नो चम्चा हल्लाउँदै भन्यो - "यस घटनापछि उनी पनि पार्टीमा भर्ना भइन्। मान्छेहरू भन्छन्, उनी साँच्ची गजबकी आइमाई छिन्।"

आमा मुस्कुराइन्। केटोको मुखबाट यस्तो प्रशंसा सुन्दा आमालाई धेरै खुशी लाग्यो। तर साथसाथै उनलाई अलि असजिलो पनि लाग्दै थियो। उनले भन्न चाहिन् - 'मै हुँ भ्लासेभकी आमा।' तर कोमल व्यङ्ग्यसहित आफूलाई रोक्दै खिन्नतापूर्वक मनमनै भनिन् - 'धेत्तेरिका, कस्ती मूर्ख बूढी त...।'

"लौ अरू अलिकति खाऊ। छिटो निको हुनुपर्छ, आफ्नो लक्ष्य प्राप्तिका लागि तिमीले अझ धेरै काम गर्नु छ।"- आमा एक्कासी उत्तेजित भइन् र केटोतिर झुक्दै भनिन्।

सडकतिरको ढोका खुल्यो र शरद् ऋतुको चिसो बतासको एक झोक्काभित्र पस्यो। आमाले टाउको उठाएर हेरिन्- सोफिया ढोकामा उभिएकी थिइन्, उनी मुस्कुराउँदै थिइन् र निकै प्रसन्न देखिन्थिन्।

"जासुसहरू यसरी मेरो पछि परेका छन् मानौं म कुनै ठूलो अपुताली पाउँदै छु। साँच्ची भनेको, पत्याउनु हुन्न? अब मैले यहाँबाट कुल्लेलम ठोके हुन्छ।.. इभान, कस्तो छ तिमीलाई अहिले? निको हुन आँट्यौ? नीलोभ्ना, पाभेलको हालखबर के छ नि? साशा यहीं छिन्?"

उनले एउटा चुरोट सल्काइन् र बडो प्रेमपूर्वक आमालाई र त्यस युवकलाई आफ्ना कैला आँखाले हेरिन् र जवाफ नपर्खिकन एकपछि अर्को प्रश्नहरू सोध्दै गइन्। आमा उनलाई हेर्दै मनमनै मुस्कुराउँदै थिइन् र सोचिरहेकी थिइन्:

'अब त म पनि भलाद्मी मान्छे बन्न थालेछु।'

उनले फेरि इभानतिर झुक्दै भनिन् -

"ए छोरा, छिटो निको हुनुपर्छ है।"

यति भनेर उनी खाने कोठातिर लागिन् जहाँ सोफिया साशासँग कुरा गर्दै थिइन्।

"उनले तीनसय प्रति तयार पारिसकेकी छिन्। यसरी काम गर्ने हो भने त उनी मर्छिन्। गजब छ, साशा। यस्ता मानिसहरूबीच बाँच्नु, उनीहरूको साथी बन्नु र उनीहरूसँग काम गर्नु कत्रो सौभाग्यको कुरा हो त यो...।"

"अनि त।"- साशाले कोमलतापूर्वक जवाफ दिइन्।

साँझ चिया पिउँदै सोफियाले आमालाई भनिन्:

"नीलोभ्ना, तपाईं फेरि एकपल्ट देहात पुगेर आउनु पर्‍यो।"

"हुन्छ। कहिले जानु छ?"

"तीन दिनपछि जान सक्नुहुन्छ?"

"हुन्छ...।"

"यसपल्ट भाडाको गाडा लिएर अर्कै बाटो भएर, निकोल्स्कोए जिल्ला भएर जानुहोला।"- निकोलाइले बिस्तारै भन्यो।

ऊ निकै दुःखित देखिन्थ्यो। गम्भीर मुद्रा उसलाई सुहाउँदैनथ्यो, यसले उसको सधैंको शान्त मुद्रा बिगार्थ्यो।

"निकोल्स्कोए भएर जाँदा धेरै टाढा पर्छ, फेरि भाडाको गाडा पनि निकै महँगो पर्न जान्छ....।"

"साँच्ची भन्नुहुन्छ भने।"- निकोलाइ भन्न थाल्यो - "म यस सफरको पूरा विरोधी छु। त्यहाँ अवस्था ठीक छैन- केही मान्छेहरू गिरफ्तार भैसकेका छन्। सुन्छु एकजना मास्टर पनि गिरफ्तार भएको छ। अब हामीले सतर्क हुनुपर्छ। अरू, केही दिन पर्खे कस्तो होला...?"

सोफियाले औंलाले टेबुलमा टकटक गर्दै भनिन्:

"हामीले टाइम-टाइममा उनीहरूलाई अखबार पुऱ्याउने गर्नुपर्छ। नीलोभ्ना, तपाईंलाई डर त लागेको छैन?"- उनले एक्कासि सोधिन्।

आमाले आफ्नो हृदयमा चोट लागेको अनुभव गरिन्।

"म कहिल्यै डराएकी छु र? पहिलो पल्ट जाँदा पनि मलाई डर लागेको थिएन, म बुझ्दिन अब आएर किन मैले एक्कासि...।"- आफ्नो वाक्य पूरा नगरिकनै उनले टाउको झुकाइन्। हरेक पल्ट जब उनीहरू सोध्थे: "तपाईंलाई डर त लाग्दैन? तपाईंलाई कुनै बाधा त छैन? तपाईं गर्न सक्नुहुन्छ?' उनलाई यस्तो भान हुन्थ्यो, मानौं उनीहरू उनीसँग अनुरोध गर्दैछन् र उनलाई सबबाट अलग उभिएकी ठान्छन्, उनीहरू उनीसँग त्यही व्यवहार गर्दैनन् जस्तो आपसमा गर्छन्।

"तपाईंहरू बेकारमा सोध्ने गर्नुहुन्छ- मलाई डर त लाग्दैन?"- उनले मुस्केरा हाल्दै भनिन् - "तपाईंहरू आपसमा त डरलाग्छ लाग्दैन भन्ने सोध्ने गर्नुहुन्न।"

निकोलाइले आफ्नो चश्मा फुकाल्यो र फेरि लगायो अनि आफ्नी दिदीतिर टुलुटुलु हेर्न थाल्यो। आमाले यो निस्तब्धता अरू बढी सहन सकिनन् र अपराधी जस्तो उभिइन् अनि केही भन्न मात्र आँटेकी थिइन्, सोफियाले आमाको हात समातेर बडो कोमलतासाथ भनिन् -

"मलाई माफ गर्नोस्। अब कहिल्यै यस्तो कुरा गर्दिन।"

उनको कुरा सुनेर आमालाई हाँसो उठ्यो, केही मिनेटपछि तीनै जनासँगै बसेर आमाको सफरको लागि योजना बनाउन थाले।

बिहान सबेरै आमा भाडाको घोडा गाडीमा बसेर शरद् ऋतुको वर्षाले भिजेको त्यो सडकमा जाँदै थिइन्। सडकमा गाडी खडबडाउँदै थियो, चर्को हावा चल्दै थियो र चारैतिर हिलोको छिटा पर्दै थियो। अघिल्तिर बसेको गाडावान टाउको घुमाउँदै आमातिर हेर्थ्यो र गुनासो गर्न लाग्थ्यो -

"मैले उसलाई, आफ्नो त्यो दाजुलाई भनें, लौ आइज अंशबन्डा गरौं र हामीले अंशबन्डा पनि गर्न थाल्यौं....।"

एक्कासी बायाँतिरको घोडालाई कोर्राले हिर्काउँदै ऊ रीसले चिल्लायो -

"हिंड, हिंड बोक्सीकहींकी...।"

शरद ऋतुका मोटामोटा कागहरू सुख्खा खेतमा उफ्रँदै थिए, चारैतिर बतास स्वाईं-स्वाईं गर्दै थियो। बतासको यस मारबाट बच्न कागहरू तन्किएर हिंड्थे, तर बतास पनि उनीहरूको पखेटा छिर्दै पार हुन्थ्यो र कागहरूलाई आफ्नो खुट्टामा उभिन मुश्किल पर्थ्यो, अनि मन नपराइनपराई उनीहरू फडफडाउँदै उडेर जान्थे र फेरि अर्को ठाउँमा बस्थे।

"के गऱ्यो उसले थाहा छ तपाईंलाई? सब सम्पत्तिमाथि कब्जा गऱ्यो र मेरो लागि एउटा चीजसम्म छोडिदिएन....।"- गाडावान भन्दै थियो।

आमा यसरी उसको कुरा सुन्दै थिइन्, मानौं कुनै सपना देख्दै छन्। उनको स्मृतिपटमा पछिल्ला केही वर्षहरूका घटनाहरू घुम्दै थिए र उनले आफूलाई ती घटनाहरूमा सक्रिय रूपमा भाग लिइरहेकी पाइन्। पहिले उनलाई जीवनको संचालन कतै धेरै टाढाबाट हुँदैछ जस्तो लाग्थ्यो तर कसले र कुन उद्देश्यले गर्दैछ, त्यो कसैलाई पनि थाहा थिएन, तर अब धेरै कुरा उनले देखादेखी बदलिसकेको थियो र उनी आफैं यी परिवर्तनहरूमा भाग लिंदै थिइन्। यस कुरामा उनलाई सन्तुष्टि थियो तर अझै पनि उनलाई आफ्नो शक्तिमाथि विश्वास थिएन। उनी असाध्यै चिन्तित र उदास थिइन्...।

गाडा हिंड्दा उनलाई आफ्ना वरिपरिका सब कुरा पनि बिस्तारै हिंडिरहेजस्तो लाग्थ्यो। आकाशमा खैरा बादलका टुक्राहरू एक दोस्रोको पिछा गर्दै थिए, सडकको दुवैतिर उभिएका रुखहरू गाडा पार हुँदा आफ्ना नाङ्गा भिजेका हाँगाहरू हल्लाइदिन्थे, खेतको लाम सकिएपछि होचा थुम्काहरू देखा पर्थे र एक छिनपछि तिनीहरू पनि गायब हुन्थे।

गाडावानको नाके स्वर, घोडाहरूको लगाममा झुन्डिएका घण्टीहरूको टनटन आवाज, ओसिलो बतासको सरसराहट यी सब आवाजहरू मिलेर एक थर्कँदो प्रवाहको रूप लिंदै थियो र त्यो प्रवाह खेतहरूमा निरन्तर बग्दै थियो...।

"पैसावालहरूलाई स्वर्गै पनि सानो जस्तो लाग्छ....।"- गाडावान आफ्नो ठाउँमा बसेर झुम्दै बोलिरहेको थियो - "उसले मलाई अझ बढी दबाउन थाल्यो - सब हाकिमहरूसँग उसको मित्रता थियो...।"

एउटा चैँकीमा पुगेपछि उसले घोडाहरूको लगाम फुकालिदियो।

"मलाई रक्सी पिउन पाँच कोपेक दिनोस् न।"- उसले बडो अनुरोधपूर्ण स्वरमा भन्यो। आमाले पाँच कोपेकको एउटा ढ्याक उसको हातमा राखिदिइन्। उसले ढ्याक हातमा खेलाउँदै भन्यो -

"तीन कोपेकको भोद्का पिउँछु र दुई कोपेकको रोटी खान्छु....।"

दिउँसोतिर उनीहरू जाडोले काँप्दै, थकाइले चूर भएर त्यो ठूलो निस्कोल्स्कोए गाउँ आइपुगे। आमा एक गिलास चिया पिउन चौकीभित्र पसिन्। आफ्नो गन्हौं सूटकेस बेन्चमुनि राखिसकेपछि उनी झ्यालनेरको मेचमा गएर बसिन्। झ्यालबाट एउटा सानो मैदान देखिन्थ्यो, मैदानको पहेंलो घाँस जताततै कुल्चिएको थियो। अघिल्तिर एउटा गाढा खैरो रङको घर थियो, जसको छाना ढल्किसकेको थियो- त्यो भोलोस्त अड्डा थियो। बरन्डामा एक खल्वाटे दाह्रीवाल किसान कमीज मात्र

क्रमशः चौथो पृष्ठमा

## जनयुद्ध–जनआन्दोलनका घाइते–अपांगको व्यवस्थापन गर्न माग

**काठमाडौं ।** जनयुद्ध, जनआन्दोलन तथा अपांग संघर्ष समितिमा आबद्ध पीडितले घाइते तथा अपांग भएका व्यक्तिहरूले आफूहरूको उचित व्यवस्थापन गर्नुपर्ने माग गरेका छन् । उनीहरूले हालै राजधानीमा एक पत्रकार सम्मेलन आयोजना गरी जनयुद्धका घाइते, अपांग तड्पिएर बाँच्न बाध्य भएको भन्दै पीडितहरूको उचित व्यवस्थापनका लागि सरकारसँग अपिल गरेका हुन् ।

बारुद र छर्रा शरीरमा बोकी जनयुद्ध लडेका घाइते, अपांगले औषधोपचारका लागि व्यक्तिगत सम्पत्ति बेचेर पनि नपुग्ने अवस्था रहेको सुनाउँदै उनीहरूले राज्यसँग काम गरी खान नसक्ने आफूहरूलाई गाँस, बास, कपास र औषधोपचारको व्यवस्थापन गर्नुपर्ने माग गरे ।

कार्यक्रममा जनयुद्धको घाइते चेतन सिग्देलले सरकारले आफूहरूलाई गाँस, बास, कपास र औषधोपचारको व्यवस्थापन गर्नुपर्ने माग राख्दै आफूहरूको व्यवस्थापनमा राज्यले नजर अन्दाज गरेको खण्डमा संघर्षमा उत्रिने बताए । 'हामी काम गरिखान नसक्ने घाईते कयौं साथीका लागि राज्यले तुरुन्तै गाँस, बास, कपास र औषधोपचारको व्यवस्था गरोस्, यदि हाम्रो समस्याको बेवास्ता गरियो भने हामी संघर्षमा जानेछौं'- उनको भनाइ थियो ।

## 'सुशासन कायम गर्नबाट सरकार पछि हट्दैन' : मन्त्री गुरुङ

***काठमाडौं ।*** *सुशासन कायम गर्ने कार्यमा सरकार पछाडि नहट्ने कानुन न्याय तथा संसदीय मामिलामन्त्री धनराज गुरुङले दाबी गरे । नेपाली कांग्रेस स्याङ्जाद्वारा स्याङ्जाको सदरमुकाम विपी कोइरालाको ११०औं जन्मजयन्तीका अवसरमा आयोजना गरेको 'विपी विचार गोष्ठी' कार्यक्रममा उनले सुशासन कायम गराउने सन्दर्भमा कसैलाई पनि छाड्न हुन्न भन्ने पक्षमा आफू रहेको बताए ।*

*सुशासन कायम गर्ने क्रममा ठूला फाइलहरू खोल्दा सरकारलाई घेराबन्दी हुनसक्ने टिप्पणी गर्दै मन्त्री गुरुङले सुशासन कायम हुन्छ भने सरकार ढलेर केही फरक नपर्ने पनि बताए । कुनै पनि पार्टीको मुख नहेरी जो सुकै भए पनि भ्रष्टाचारीहरूलाई कानुनी कारबाहीमा ल्याउनैपर्छ भन्ने पक्षमा आफू सदैव उभिने उनको भनाइ थियो । 'भोलि सरकार रहला नरहला, म पदमा रहुँला नरहुँला त्यसले केही फरक पार्दैन' उनले भने 'तर भ्रष्टाचारी भनेको भ्रष्टाचारी नै हो जो सुकै भए पनि कानुनी दायरामा ल्याउनै पर्छ भन्ने पक्षको अडानमा म रहन्छु ।'*

*विपीले देखाएको मार्गदर्शनमा हिँड्न सके ठीक र हिँड्न नसक्नेहरू गलत हुने भन्दै उनले भने 'विपीले देखाएको मार्गदर्शनलाई व्यवहारमा कार्यान्वयन गर्न नसके काम छैन, बोलेरभन्दा पनि कर्मबाट विपीका मार्गदर्शनहरूलाई पछ्याउँदै हिँड्न सकेको खण्डमा सफलता प्राप्त हुन्छ ।'*

*कार्यक्रममा प्रतिनिधिसभा सदस्य एवं कांग्रेस स्याङ्जा जिल्ला सभापति राजु थापा, गण्डकी प्रदेशसभा सदस्य भोजराज अर्याल, महेश भट्टराई, गण्डकी प्रदेशसभाका निवर्तमान सदस्य भागवतप्रकाश मल्ललगायतले आ-आफ्ना भनाइ राखेका थिए ।*


## सूर्यविनायक नगरपालिकाको अनुरोध

- सबै पालिकावासीले आफ्नो टोल, चोक, गल्ली, बाटोघाटोका साथै सबै सार्वजनिक जग्गा, मठ–मन्दिर, पाटी–पौवा, नदीनाला र अन्य सार्वजनिक स्थलको संरक्षण गरौं ।
- पालिकालाई बुझाउनुपर्ने कर– सम्पत्ति कर, बहाल कर, मालपोत तथा भूमिकर, व्यवसायकरलगायत अन्य सबै किसिमका कर तथा दस्तुर समयमै तिरौं ।
- पालिका क्षेत्रभित्र व्यवसाय गर्ने सबै प्रकारका व्यवसायीले अनिवार्यरूपमा आफ्नो व्यवसाय वडा कार्यालय र पालिकामा दर्ता गरेर मात्र सञ्चालन गरौं ।
- व्यक्तिगत घटना (जन्म, विवाह, बसाईंसराइ, सम्बन्धविच्छेद र मृत्यु) घटना घटेको ३५ दिनभित्र वडा कार्यालयमा अनिवार्यरूपमा दर्ता गर्ने गरौं ।
- पालिकाका हरेक विकास निर्माण कार्यमा सबै पालिकावासीहरूले सहयोग गरौं ।

स्थानीय सरकार

**सूर्यविनायक नगरपालिका**

बागमती प्रदेश, भक्तपुर, नेपाल



## गोदावरी नगरपालिकाको अनुरोध !

- सबै पालिकावासीले आफ्नो टोल, चोक, गल्ली, बाटोघाटोका साथै सबै सार्वजनिक जग्गा, मठ–मन्दिर, पाटी–पौवा, नदीनाला र अन्य सार्वजनिक स्थलको संरक्षण गरौं ।
- पालिकालाई बुझाउनुपर्ने कर– सम्पत्ति कर, बहाल कर, मालपोत तथा भूमिकर, व्यवसायकरलगायत अन्य सबै किसिमका कर तथा दस्तुर समयमै तिरौं ।
- पालिका क्षेत्रभित्र व्यवसाय गर्ने सबै प्रकारका व्यवसायीले अनिवार्यरूपमा आफ्नो व्यवसाय वडा कार्यालय र पालिकामा दर्ता गरेर मात्र सञ्चालन गरौं ।
- व्यक्तिगत घटना (जन्म, विवाह, बसाईंसराइ, सम्बन्धविच्छेद र मृत्यु) घटना घटेको ३५ दिनभित्र वडा कार्यालयमा अनिवार्यरूपमा दर्ता गर्ने गरौं ।
- पालिकाका हरेक विकास निर्माण कार्यमा सबै पालिकावासीहरूले सहयोग गरौं ।

स्थानीय सरकार

**गोदावरी नगरपालिका**

बागमती प्रदेश, ललितपुर, नेपाल



**Why to choose us?**

No Load Shading Problem
Sufficient Inverter System

24 Hrs. Internet Facilities

Well-equipped Computer Lab with Desktop PCs and Laptops

Daily 2 Hrs. Shifts for Morning, Day & Evening Time

Experienced Instructors

**Computer Software Training**

**Computer Hardware/Maintenance Training**

**Mobile & Electronics Training**

**English Language & Tuition**



Govt. Regd. No.: 34623/523

**Multichannel Institute**

Narayantar, Jorpati, Kathmandu, Ph. No.: 01-4911021

# ... आमा– १४

लाएर बसेको थियो, ऊ पाइप पिउँदै थियो । मैदानमा एउटा सुँगुर घाँस चर्दै थियो । त्यो सुँगुरले रिसाउँदै कान हल्लाइरहेको थियो । केही बेरपछि त्यसले टाउको हल्लाउँदै जमिनमा थुतुनो गाड्यो ।

बादलको कालाकाला ठूलठूला डल्लाहरू मडारिँदै थिए । प्रत्येक कुरा शान्त, पुगेपछि उसले घोडा रोक्यो । उसले हातको कोर्रा हल्लाउँदै अघिल्तिर उभिएको किसानलाई गाली गर्न थाल्यो । उसको तीखो स्वर काँप्दै आएर झ्यालका ऐनाहरूमा ठक्कर खान्थ्यो तर शब्दहरू सुनिँदैनथे । किसानले कुनै कुरातिर संकेत गऱ्यो । सर्जेन्ट घोडाबाट हामफाल्यो र घोडाको लगाम किसानलाई दियो । ऊ लडखडाउँदै भऱ्याङ चढ्न थाल्यो र भऱ्याङको बार समाउँदै डेउढीतिर लाग्यो । डेउढीमा पुगेपछि उसले ढोका खोल्यो र भित्र पस्यो ।

फेरि चारैतिर निस्तब्धता फैलियो । घोडाले दुईपल्ट नरम जमिनमा आफ्नो खुरले हिर्कायो । करीब बाह्र तेह्र वर्षकी एउटी केटी कोठाभित्र पसिन् । उनको सानो चुल्ठो झुसौलो थियो र उनको गोलो अनुहारमा दुई कोमल आँखा निकै सुन्दर देखिन्थे । उनी प्लेटहरूले भरिएको एउटा फुटेका ट्रे लिएर जाँदै थिइन् र बराबर टाउको हल्लाउँदै ओठ टोक्थिन् ।

"के हालखबर छ नानी ।"- आमाले बडो प्रेमपूर्वक भनिन् ।

"सब ठीक छ काकी ।"- केटीले जवाफ दिइन् ।

चियाको सामान टेबुलमा राखिसकेपछि केटीले एक्कासि उत्तेजित हुँदै भनी -

"भर्खरै एकजना डाँकूलाई समाते, यतै ल्याउँदै छन् ।"

"कस्तो रहेछ त त्यो डाँकू ?"

"खोइ, थाहा छैन ......।"

"किन समातिए छ ?"

"थाहा छैन ।" केटीले भनी । "समातियो भनेको मात्र सुनें, पहरेदार हाकिमलाई डाक्न गएको छ ।"

आमाले झ्यालबाट हेरिन् बाहिर मैदानमा किसानहरू जम्मा हुँदै थिए । केही मान्छेहरू बिस्तारै, मन्द चालले भने केही मान्छेहरू दौडँदै घटना स्थलतिर जाँदै थिए र बाटैमा आफ्नो भेडाको छालाले बनेको कोटको टाँक लाउँदै थिए । सबै अड्डाको ढोकानेर जम्मा भएर देब्रेतिर कुनै कुरा हेर्दै थिए ।

केटीले पनि झ्यालबाट हेरिन् र ढ्याम्म ढोका लाएर दौडदै सडकमा निस्किन् । आमा झसङ्ग भइन् र आफ्नो सुटकेस बेन्चमुनि घुसारिन् अनि शल ओढेर हतारिँदै ढोकातिर लागिन् । आमालाई त्यहाँबाट सकेसम्म छिटो निस्कने, भाग्ने इच्छा भयो, आफ्नो यो भावना नियन्त्रण गर्दै उनी कोठाबाट निस्किन्.......।

बरन्डामा पुगेपछि हिउँ जस्तो चिसो बतासको एक झोक्काले उनका आँखा, छातीमा हिर्कायो, उनी निस्सासिन थालिन् । उनका खुट्टाहरू काँप्न थाले । मैदान पारिबाट रीबिन आउँदै थियो । उसका दुवै हात पिठ्यूँ पछाडि फर्काएर बाँधिएका थिए । उसको दुवैतिर एक एकजना चौकीदार जमिनमा लाठो बजार्दै आइरहेको थियो । मान्छेहरू चुपचाप बरन्डा अगाडि उभिएर प्रतीक्षा गर्दै थिए ।

आमा त्यहीं किंकर्तव्यविमूढ भएर उभिइरहिन् । रीबिन केही बोल्दै थियो, उनी उसको स्वर सुन्दै थिइन्, तर हृदयको अन्धकारमय शून्यतामा उसका शब्दहरू विना कुनै प्रतिध्वनि बिलाउँदै थिए ।

आमाले लामो सुस्केरा हाल्दै आफूलाई सम्भालिन् । बरन्डा अघिल्तिरै उभिएका नीला आँखा र बाक्लो सुनौला रङको दाढी भएको एकजना किसान बडो ध्यानपूर्वक उनलाई हेर्दै थियो । आमाले खोकिन् र त्रासले काँप्दै आफ्नो घाँटी सुमसुम्याउन थालिन् ।

"के भयो ?" आमाले साहस बटुल्दै सोधिन् ।

"अहिले आफैं देख्लुयौ ।" उसले जवाफ दियो र अर्कोतिर टाउको फर्कायो । अर्को एकजना किसान आएर उसँग उभियो ।

रीबिनलाई लिएर आएका पुलिसहरू भीड अगाडि पुगेर थामिए । भीड बढ्दै थियो, तर मान्छेहरू शान्त थिए । एक्कासि रीबिनको चर्को स्वर सुनियो ।

"हे ईसाका भक्तहरूहो । के तपाईंहरूले पर्चाहरूबारे केही सुन्नु भएको छ जसमा हामी किसानहरूको वास्तविक अवस्था चित्रण गरिएको छ ? म उनै पर्चाहरूको लागि सजायँ भोग्दै छु, मैले नै ती पर्चाहरू बाँड्ने गरेको हुँ ।"

भीड रीबिनको अझ नजीक सऱ्यो । उसको स्वर शान्त थियो । उसको आवाज सुनेर आमाको होस फर्क्यो ।

"सुनिस् ?" अर्को किसानले नीला आँखा भएको त्यस किसानसित कानेखुसी गऱ्यो । उसले टाउको उठायो र केही जवाफ नदिई फेरि आमातिर हेऱ्यो । अर्को किसानले पनि आमातिर हेऱ्यो । ऊ पहिलो किसान भन्दा कमै उमेरको देखिन्थ्यो । उसले पातलो बोके दाढी पालेको थियो र उसको मुखभरि चायाका कालाकाला दागहरू थिए । केही बेरपछि दुवैजना बरन्डाबाट हिंडे ।

'शायद तर्से होलान् ।' आमाले मनमनै सोचिन् ।

उनी झन सतर्क भइन् । बरन्डामा उनी उभिएकी ठाउँबाट रीबिनको घाउ लागेको कालो अनुहार स्पष्ट देखिन्थ्यो, उसका आँखामा एक उत्तेजनापूर्ण चमक थियो । उनी चाहन्थिन्, रीबिनले पनि उनलाई देखोस्, त्यसैले उनी खुट्टाका औंलामा उभिएर घाँटी तन्काउँदै उतातिर हेर्न थालिन् ।

मान्छेहरू एक गम्भीर अविश्वासको भावनासहित रीबिनलाई हेर्दै थिए, तर कसैको मुखबाट एक शब्द निस्केन । खालि भीडको पछिल्तिरबाट मान्छेहरूले खस्याकखुसुक गरेको आवाज सुनिँदै थियो ।

"दाजुभाइ हो । किसानहरूहो ।" रीबिन बडो जोडजोडले चर्को स्वरमा बोल्दै थियो । "ती पर्चाहरूमा लेखिएका कुराहरूमाथि विश्वास गर्नुहोला । हुनसक्छ ती पर्चाहरूको लागि मैले आफ्नो ज्यान समेत गुमाउनुपर्नेछ । मैले कहाँबाट ती पर्चाहरू ल्याएँ भन्ने कुरा थाहा पाउन उनीहरूले मलाई खुब पिटे, यातना दिए, उनीहरूले मलाई फेरि पिट्नेछन् । तर म सब कुरा सहन तयार छु किनभने ती पर्चाहरूमा साँचो कुरा भनिएको छ र सच्चाइ हामीलाई दालभात भन्दा पनि प्यारो हुनुपर्छ । यही हो वास्तविकता ।"

"ऊ किन यी सब कुरा बताउँदै छ ?" बरन्डा अगाडि उभिएको एकजना किसानले बिस्तारै भन्यो । नीला आँखा भएको किसानले जवाफ दियो -

"अब उसलाई के फरक पर्छ र । मान्छे एकैपटक मात्रै त मर्छ नि ।"

मान्छेहरू त्यहीं चुपचाप उभिएर दुःखित दृष्टिले रीबिनलाई हेर्दै थिए । यस्तो भान हुन्थ्यो, मानौं कुनै अदृश्य बोझले उनीहरूलाई दबाउँदै छ ।

पुलिस सर्जेन्ट लड्खडाउँदै बरन्डामा निस्क्यो ।

"को हो बोल्ने मान्छे ?" उसले रक्सी लागेको आवाजमा सोध्यो ।

ऊ एक्कासी फुर्तिसाथ भऱ्याङबाट ओर्ल्यो र रीबिनको कपाल समातेर बेस्सरी उसको टाउको हल्लाउँदै चिच्च्याउन थाल्यो ः

"तैं होइनस् बोल्ने सुँगुरको बच्चा, तैं होइनस् ?"

भीड चलमलायो र हल्लाखल्ला मच्चिन थाल्यो । आमाले व्यथित हुँदै लाचारीपूर्वक आफ्नो टाउको झुकाइन् । फेरि एकपल्ट रीबिनको आवाज गुञ्जियो - "देख्नुभो तपाईंहरूले ।"

"चुप लाग ।" पुलिस सर्जेन्टले कन्चटमा एक मुक्का हिर्काउँदै भन्यो । रीबिन लडखडायो, उसको शरीर काँप्यो ।

"मान्छेको हात बाँधेर मनपरी व्यवहार गर्छन्...।"

"सिपाहीहरू लैजाउ यसलाई यहाँबाट । अनि तिमीहरू पनि सब आ-आफ्नो घर लाग ।"- पुलिस सर्जेन्ट यसरी रीबिनको अगाडि उफ्रँदै थियो, मानौं कुनै कुकुरले हाडको टुक्रा भेट्टाएको छ ऊ रीबिनको मुखमा, छातीमा, पेटमा घुस्सा माथि घुस्सा हिर्काउँदै थियो ।

"नपिट उसलाई ।"- कसैले भीडबाट चिच्च्यायो ।

"किन कुटेको त्यसरी ?"- कसैले समर्थन गऱ्यो ।

"लौ हिंडौं अब ।"- नीला आँखा भएको किसानले टाउको हल्लाउँदै आफ्नो साथीलाई भन्यो । दुवैजना बिस्तारै त्यहाँबाट हिंडे र आमा सहानुभूतिपूर्ण दृष्टिले उनीहरूलाई हेरिरहिन् । पुलिस सर्जेन्ट दौडदै भऱ्याङ चढेका देखेपछि मात्र आमाले सन्तोषको सास फेरिन् ।

"यता ल्या त्यसलाई । म भन्छु यता ल्या...।"- ऊ मुक्का हल्लाउँदै चिच्च्यायो ।

"पाइन्न उसलाई त्यहाँ लान ।" भीडमा कसैको चर्को स्वर सुनियो । आमाले बुझिन्, भीडको बीचबाट त्यही नीला आँखा भएको चिच्च्याउँदै छ । "किसानहरू, उसलाई भित्र लान नदिनोस् । उसलाई त्यहाँ पुऱ्याए भने, पिटी पिटीकन उसको ज्यान लिनेछन् । फेरि पछि गएर भन्नेछन्, हामीले उसलाई मार्यौं । भित्र लान नदिनुहोला ।"

"दाजुभाइ हो ।"- रीबिनले गर्जँदै भन्यो - "के तपाईंहरू देख्नु हुन्न कस्तो जिन्दगी गुजार्दै हुनुहुन्छ ? के तपाईंहरू देख्नुहुन्न कसरी उनीहरू हामीलाई लुट्दै छन्, धोका दिँदै छन् र हाम्रो रगत चुस्दै छन् ? सब कुरा तपाईंहरूमा नै भर पर्छ, तपाईंहरू नै यस संसारको सबैभन्दा ठूलो शक्ति हुनुहुन्छ- तर तपाईंहरूले के अधिकार पाउनुभएको छ ? खालि भोकै मर्ने सिवाय अरू के अधिकार पाउनुभएको छ.....।"

अकस्मात किसानहरू एक दोस्रोको कुरा काट्दै चिच्च्याउन थाले -

"ऊ साँचो कुरा गर्दै छ ।"

"हाकिम कहाँ छ ? हाकिमलाई डाक...।"

"पुलिस सर्जेन्ट उसैलाई डाक्न गएको छ...।"

"को, त्यो रक्सीबाज...?"

"हाकिमहरूलाई डाक्दै हिंड्ने हाम्रो काम होइन...।"- हल्ला बढ्दै गयो ।

"तिमी बोल । हामी तिमीलाई छुनसम्म दिन्नौं...।"

"उसको हात फुकालिदेउ...।"

"हेर्नु कहीं आफैं फेला नपर्नु.....।"

"डोरीले मेरो हात दुखाउँदै छ ।"- रीबिनले आफ्नो धोत्रे सुरिलो आवाजमा भन्यो र उसको आवाजले अरू सब आवाज डुबाइदियो - "किसानहरू, म भाग्दिन । सच्चाइबाट भागेर म कहाँ जान सक्छु र । त्यो त मेरो नसानसामा छ...।"

केही मानिसहरू भीडबाट हटेर एकातिर अलग उभिए र टाउको हल्लाउँदै टीकाटिप्पणी गर्न थाले । तर फाटेका पुराना लुगा लगाएका मँन्छेहरूको संख्या झन झन बढ्दै थियो । उनीहरू सबै रीबिनलाई चारैतिरबाट घेरेर उभिएका थिए । रीबिन उनीहरूको बीचमा कुनै वनदेवता जस्तो उभिएको थियो र हात हल्लाउँदै चर्को स्वरमा भन्दै थियो -

"साथीहरू धन्यवाद छ तपाईंहरूलाई । यदि हामीले एक दोस्रोको हात फुकालेनौं भने अरू कसले फुकालिदिन्छ ?"

उसले आफ्नो दाढी सुमसुम्यायो र रगतमा मुछिएको आफ्नो हात उठायो ।

"यो मेरो रगत हो जुन मैले सच्चाइको लागि बगाएको छु ।"

आमा बरन्डाको भऱ्याङबाट तल ओर्लिन्, तर भीडले गर्दा उनले मिखाइलको अनुहार देखिनन्, त्यसैले फेरि माथि चढिन् र उनको हृदयमा हर्षको एक अस्पष्ट भावना उर्लँदै थियो ।

"किसान भाइहरू हो । ती पर्चाहरू खोजेर पढ्नुहोला । यदि पादरीले अथवा सरकारी हाकिमले सच्चाइको प्रचार गर्ने यी मानिसहरू नास्तिक अथवा विद्रोही हुन् भने तपाईंहरू विश्वास नगर्नुहोला । सच्चाइ लुकीलुकी पृथ्वीमा घुम्दै छ र ऊ जनताको बीच बास बस्न ठाउँ खोज्दै छ । यी हाकिमहरूको लागि त सच्चाइ एक आगोको भर्भराउँदो ज्वाला हो, तरवारको धार हो । उनीहरू सच्चाइलाई स्वीकार गर्न सक्दैनन् ।...सच्चाइले उनीहरूलाई रेट्नेछ, जलाएर खरानी बनाइदिनेछ । तर तपाईंहरूको लागि सच्चाइ एक मित्र हो, उनीहरूको लागि चाहिं एक कट्टर शत्रु । त्यसैले सच्चाइ पृथ्वीमा लुकीलुकी हिंड्दै छ...।"

भीडमा फेरि नानाथरिको आवाज सुनिन थालियो ।

"ईसाका भक्तहरूहो । सुन.....।"

"भाइ खतम हुन्छौ तिमी... ।"

"कसले तिमीलाई पुलिसको हातमा सुम्पेको हो ?"

"पादरीले ।" एकजना पुलिसले जवाफ दियो ।

दुईजना किसानले एक भद्दा गाली गरे ।

"केटो हो, हेर्नु है होशियार हुनु ।"- कसैले चेतावनी दियो ।

अग्लो कद, गठिलो शरीर र बाटुलो अनुहार भएको थानेदार भीडतिर आउँदै थियो । उसको टोपी कानतिर झुकेको थियो, जुँगा कसरी निमोठिएको थियो भने एकातिरको जुँगा माथि फर्किएको थियो र अर्कोचाहिँ तलतिर झुकेको थियो, जसले गर्दा उसको अनुहार एकदम टेढो देखिन्थ्यो । उसको अनुहारमा सधैं एक भद्दा, नीरस मुस्कुराहट फैलिएको हुन्थ्यो । उसले देब्रे हातमा एउटा तरबार समाएको थियो र दाहिने हात बडो जोडले हल्लाउँदै आइरहेको थियो । उसको कठोर दृढ पदचाप स्पष्ट सुनिन्थ्यो । उसलाई बाटो छोड्न भीड हट्न थाल्यो र सम्पूर्ण कोलाहल यसरी शान्त भयो, मानौं सब कतै जमिनभित्र गायब भएका छन् । सब गम्भीर थिए । आमालाई लाग्यो, उनका आँखा पोल्दै छन् र निधारको छाला फड्कँदै छ । उनलाई फेरि गएर भीडमा मिसिने इच्छा भयो । उनी अघिल्तिर झुकिन् र आतंकित हृदयले निश्चल भएर उभिइरहिन् ।

"क्या हो यस्तो ?"- रीबिनको अगाडि थामिएपछि बडो रवाफिलो तरीकाले उसलाई हेर्दै थानेदारले सोध्यो - "किन यसको हात नबाँधेको ? सिपाहीहरू, लौ यसको हात बाँध ।"

उसको आवाज एकदम चर्को र गुञ्जायमान थियो तर बिलकुल नीरस ।

"बाँधिएको थियो, तर जनताले फुकालिदिए ।"- एकजना सिपाहीले जवाफ दियो ।

थानेदारले आफ्नो अगाडि अर्धवृत्त रूपमा उभिएको भीडतिर एक दृष्टि फाल्दै भन्यो -

"के रे ? जनताले रे ? के हो यो जनता भनेको ?"

अनि फेरि त्यही एकनासे नीरस स्वरमा सोध्यो -

"को रहेछ त यो जनता ?"

उसले आफ्नो तरवारको बिंडले नीला आँखा भएको किसानको छातीमा घोच्दै भन्यो -

"ए, चुमाकोभ, तिमी नै त होइनौ जनता ? अनि अरू को हो ? तैं मीशिन ?"

थानेदारले एकजना किसानको दाढी आफ्नो दाहिने हातले समात्यो ।

"चण्डालहरू, सब हट यहाँबाट, नत्र भने म तिमीहरूको दिमाग ठीक पारिदिन्छु सबैलाई मजा चखाउँछु ।"

उसको व्यवहारमा न क्रोध थियो, न त धम्की नै । ऊ बिलकुल आवेशरहित स्वरमा बोल्दै थियो र ऊ आफ्ना लामा लामा हातले यसरी मान्छेहरूलाई हिर्काउँदै थियो, मानौं यो उसको पुरानो आदत हो । मान्छेहरू टाउको झुकाउँदै पछाडि हटे ।

"तिमीहरू के हेर बसेका ?"- उसले सिपाहीहरूलाई भन्यो - "हात बाँध भन्छु उसको ।"

थानेदारले एकै सासमा मनपरी गाली गऱ्यो, फेरि रीबिनतिर हेऱ्यो र चर्को स्वरमा भन्यो -

"ए, तैं, हात पछाडि फर्का ।"

"म हात बाँध्न चाहन्न ।"- रीबिनले भन्यो - "म भाग्दिन, झगडा पनि गर्न चाहन्न, केलाई हात बाँध्नु पऱ्यो र ?"

"के भनिस् रे ?"- उसतिर बढ्दै थानेदारले सोध्यो ।

"जंगलीहरू, अझ कति सताउनेछौ तिमीहरूले जनतालाई ।"- रीबिनले आफ्नो स्वर ठूलो पार्दै भन्यो - "छिट्टै तिमीहरूको पनि पालो आउँछ.....।"

थानेदारले उसको मुखमा हेऱ्यो, उसको जुँगा काँपिरहेको थियो । ऊ एक पाइला पछि हट्यो र चकित हुँदै साँपले जस्तो फुँकार्दै भन्यो -

"सुँगुरको बच्चा । तेरो यत्रो साहस ।"

यति भन्दै उसले रीबिनको मुखमा बडो जोडले एक घुस्सा हिर्कायो ।

"घुस्साले सच्चाइ दबाउन सकिन्न ।"- रीबिन उसतिर बढ्दै चिच्च्यायो - "नीच कुकुर, मलाई हिर्काउने तैंलाई के अधिकार ?"

"मलाई ? मलाई अधिकार छैन भन्छस् ?"- थानेदारको यो चिच्याहट कुकुरको भुकाइ जस्तै लाग्थ्यो ।

उसले फेरि एकपल्ट रीबिनको टाउकोमा निशाना लगाउँदै आफ्नो मुक्का घुमायो । रीबिनले आफ्नो टाउको घुमायो र उसको निशाना चुक्यो, थानेदार लड्खडायो र बल्लतल्ल थामियो । भीडमा कसैले जिस्क्याउँदै हाँसेको आवाज सुनियो र फेरि रीबिनको क्रोधपूर्ण स्वर सुनियो -

"शैतान लौ मलाई छो त ।"

थानेदारले चारैतिर हेऱ्यो । उसले देख्यो, भीड अझ नजीक सऱ्यो, मान्छेहरू उसलाई चारैतिरबाट घेर्दै थिए, यो निकै अशुभसूचक र खतरनाक कुरा थियो....।

"नीकीता, ए नीकीता ।"- थानेदारले पछाडि फर्कँदै जोडले भन्यो ।

होचो कदको गठिलो शरीर भएको एकजना किसान भीडबाट बाहिर निस्क्यो । उसले भेडाको छालाको कोट लगाएको थियो । जिङ्ग्रिङ्ग परेको कपाल भएको उसको टाउको झुकेको थियो ।

"नीकीता ।"- थानेदारले बडो निश्चिन्त भावले आफ्नो जुँगा मुसार्दै भन्यो - "लौ त यसको कन्चटमा एक मुक्का हिर्का, जोडले हिर्का नि ।"

किसान अगाडि बढ्यो । रीबिनको अगाडि पुगेर ऊ थामियो र बिस्तारै आफ्नो टाउको उठायो । रीबिनले उसको मुखमा हेर्दै उसमाथि कठोर शब्दहरूको वर्षा गर्न थाल्यो-

"भाइ हो ।" हेर कसरी यिनीहरू हामीलाई आफ्नै हातले आफ्नो घाँटी दबाउन वाध्य गर्दै छन् । आँखा खोलेर हेर्नोस् र राम्ररी सोच्नोस् ।"

किसानले बिस्तारै हात उठायो र बिस्तारै उसको टाउकोमा हिर्कायो ।

"सुँगुरको बच्चा । कहीं यसरी पनि हिर्काउँछ ?"- थानेदार चिच्च्यायो ।

"ए नीकीता ।"- कसैले भीडबाट सानो आवाजमा भन्यो - "नबिर्सनु ईश्वरको अगाडि सबले जवाफ दिनुपर्छ ।"

"हिर्का भन्छु ।"- थानेदारले किसानलाई गलहत्याउँदै चिच्च्यायो । तर किसान टाउको झुकाउँदै त्यहाँबाट हट्यो र खिन्न हुँदै भन्यो ः

"अहँ, म यसभन्दा बढ्ता केही गर्न सक्दिन...।"

"के भनिस् रे ?"

थानेदारको अनुहार कालोनीलो भयो । ऊ खुट्टा बजार्दै, गाली गर्दै रीबिनतिर झम्टियो । त्यसपछि घुस्सा हिर्काएको आवाज सुनियो र रीबिन लडखडायो, उसले आफ्नो हात फैलायो तर दोस्रो घुस्साले रीबिनलाई जमिनमा ढालिदियो । थानेदार अब मनपरी तरिकाले खुट्टा र छाती, पिठ्यूँ र टाउकोमा लात हिर्काउँदै थियो ।

भीडमा क्रोधको एक लहर फैलियो । मान्छेहरू थानेदारतिर बढे । यो देखेर ऊ पछि हट्यो र झट्ट म्यानबाट आफ्नो तरवार निकाल्दै भन्न थाल्यो ः

"के हो यस्तो ? विद्रोह गर्दैछौ ? हँ हँ, ठीक छ....।"

उसको आवाज काँप्यो, च्याट्टियो र धोत्रिँदै बन्द भयो । आवाजको साथसाथै उसको शक्ति पनि गायब भयो । उसको टाउको झुक्यो, काँध लत्रियो र पछि हट्दै जुवामा हारेको मान्छेले जस्तै चारैतिर हेर्न थाल्यो । ऊ बिस्तारै, सतर्कतापूर्वक पाइला टेक्दै पछाडि हट्यो । पछाडि हट्दै ऊ धोत्रे, भयभीत स्वरमा चिच्च्याउँदै थियो ः

"ठीक छ, लैजाऊ उसलाई यहाँबाट- म जाँदैछु । ...क्रमशः

## तारकेश्वर नगरपालिकाको अनुरोध !

- सवै पालिकावासीले आफ्नो टोल, चोक, गल्ली, बाटोघाटोका साथै सवै सार्वजनिक जग्गा, मठ–मन्दिर, पाटी–पौवा, नदीनाला र अन्य सार्वजनिक स्थलको संरक्षण गरौं ।
- पालिकालाई बुझाउनुपर्ने कर– सम्पत्ति कर, बहाल कर, मालपोत तथा भूमिकर, व्यवसायकरलगायत अन्य सवै किसिमका कर तथा दस्तुर समयमै तिरौं ।
- पालिका क्षेत्रभित्र व्यवसाय गर्ने सवै प्रकारका व्यवसायीले अनिवार्यरूपमा आफ्नो व्यवसाय वडा कार्यालय र पालिकामा दर्ता गरेर मात्र सञ्चालन गरौं ।
- व्यक्तिगत घटना (जन्म, विवाह, बसाइँसराइ, सम्बन्धविच्छेद र मृत्यु) घटना घटेको ३५ दिनभित्र वडा कार्यालयमा अनिवार्यरूपमा दर्ता गर्ने गरौं ।
- पालिकाका हरेक विकास निर्माण कार्यमा सवै पालिकावासीहरूले सहयोग गरौं ।

स्थानीय सरकार

**तारकेश्वर नगरपालिका**

बागमती प्रदेश, काठमाडौं, नेपाल



## नागार्जुन नगरपालिकाको अनुरोध !

- सवै पालिकावासीले आफ्नो टोल, चोक, गल्ली, बाटोघाटोका साथै सवै सार्वजनिक जग्गा, मठ–मन्दिर, पाटी–पौवा, नदीनाला र अन्य सार्वजनिक स्थलको संरक्षण गरौं ।
- पालिकालाई बुझाउनुपर्ने कर– सम्पत्ति कर, बहाल कर, मालपोत तथा भूमिकर, व्यवसायकरलगायत अन्य सवै किसिमका कर तथा दस्तुर समयमै तिरौं ।
- पालिका क्षेत्रभित्र व्यवसाय गर्ने सवै प्रकारका व्यवसायीले अनिवार्यरूपमा आफ्नो व्यवसाय वडा कार्यालय र पालिकामा दर्ता गरेर मात्र सञ्चालन गरौं ।
- व्यक्तिगत घटना (जन्म, विवाह, बसाइँसराइ, सम्बन्धविच्छेद र मृत्यु) घटना घटेको ३५ दिनभित्र वडा कार्यालयमा अनिवार्यरूपमा दर्ता गर्ने गरौं ।
- पालिकाका हरेक विकास निर्माण कार्यमा सवै पालिकावासीहरूले सहयोग गरौं ।

स्थानीय सरकार

**नागार्जुन नगरपालिका**

बागमती प्रदेश, काठमाडौं, नेपाल



## गोकर्णेश्वर नगरपालिकाको अनुरोध !

- सवै पालिकावासीले आफ्नो टोल, चोक, गल्ली, बाटोघाटोका साथै सवै सार्वजनिक जग्गा, मठ–मन्दिर, पाटी–पौवा, नदीनाला र अन्य सार्वजनिक स्थलको संरक्षण गरौं ।
- पालिकालाई बुझाउनुपर्ने कर– सम्पत्ति कर, बहाल कर, मालपोत तथा भूमिकर, व्यवसायकरलगायत अन्य सवै किसिमका कर तथा दस्तुर समयमै तिरौं ।
- पालिका क्षेत्रभित्र व्यवसाय गर्ने सवै प्रकारका व्यवसायीले अनिवार्यरूपमा आफ्नो व्यवसाय वडा कार्यालय र पालिकामा दर्ता गरेर मात्र सञ्चालन गरौं ।
- व्यक्तिगत घटना (जन्म, विवाह, बसाइँसराइ, सम्बन्धविच्छेद र मृत्यु) घटना घटेको ३५ दिनभित्र वडा कार्यालयमा अनिवार्यरूपमा दर्ता गर्ने गरौं ।
- पालिकाका हरेक विकास निर्माण कार्यमा सवै पालिकावासीहरूले सहयोग गरौं ।

स्थानीय सरकार

**गोकर्णेश्वर नगरपालिका**

बागमती प्रदेश, काठमाडौं, नेपाल



समावेशी एवं समतामूलक पहुँच विस्तार गर्दै गुणस्तरिय प्राविधिक तथा व्यावसायिक शिक्षा एवं तालिम (TVET) प्रदान गर्न हामी प्रतिवद्ध छौं । कार्यक्रमको दिगोपनका लागि LEARN-EARN-PAY को अवधारणा अगाल्दै TVET को विकास र विस्तार गर्ने कार्यमा प्रयत्नशील छौं ।





| पाठ्यक्रम | | | परिषद् अर्न्तगत सञ्चालित संस्थाहरू | | | | | भर्ना क्षमता | | वार्षिक छात्रवृति ८,०४६ |
|---|---|---|---|---|---|---|---|---|---|---|
| २८ प्रा. एसएलसी कार्यक्रम | १९९ लामो अवधिका कार्यक्रम | ४८ डिप्लोमा कार्यक्रम | ५९ आङ्गिक | २० साझेदारी | ५३४ TECS | ४२९ निजी | १,१३१ छोटो अवधिका | ३८,९७६ ३ वर्षे डिप्लोमा/ प्रमाणपत्र तहमा | ३५,८८७ १८ महिने प्राविधिक एसएलसी तहमा | ४५,००० छोटो अवधिको तालिम |



देशभर फैलिएका परिषद् अर्न्तगत सञ्चालित संस्थाहरू

CTEVT
प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्
COUNCIL FOR TECHNICAL EDUCATION & VOCATIONAL TRAINING

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्, सानो ठिमी, भक्तपुर research@ctevt.org.np, www.ctevt.org.np

## चीन भ्रमण...

चीन भ्रमणका क्रममा समेट्नुपर्ने विभिन्न विषयका बारेमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयमा सम्बद्ध पक्षहरूबीच क्रमबद्ध छलफल भइरहेको छ। पूर्वप्रधानमन्त्रीहरू तथा परराष्ट्र विज्ञहरूसँग भएका उक्त छलफलमा छिमेकीहरूसँग सन्तुलित कूटनीतिक सम्बन्ध कायम गर्नुपर्नेमा जोड दिइएको छ।

भदौ ३० गते संयुक्त राष्ट्रसंघको महासभामा भाग लिन संयुक्त राज्य अमेरिका पुग्ने प्रधानमन्त्री प्रचण्ड महासभामा सहभागी भइसकेपछि उतैबाट चीन भ्रमणमा जाने तयारी छ।

जेठमा दक्षिण छिमेकी मुलुक भारत भ्रमण गरेका प्रधानमन्त्री प्रचण्डले हाल उत्तरी छिमेकी मुलुक चीनमा भ्रमणका क्रममा आफ्ना मुलुकका तर्फबाट राख्नुपर्ने विभिन्न एजेण्डाका बारेमा साझा धारणा बनाउन छलफल गरेका हुन्।

छलफलपछि सञ्चारकर्मीसँग कुरा गर्दै परराष्ट्रमन्त्री एनपी साउदले बैठकमा संयुक्त राष्ट्रसंघ र चीन भ्रमणका बेला प्रधानमन्त्रीले ध्यान दिनुपर्ने विषयका अतिरिक्त नेपालले अपनाउनुपर्ने सावधानी र गर्नुपर्ने कामका बारेमा पूर्वप्रधानमन्त्रीहरूसँग प्रधानमन्त्रीले सुझाव माग्नुभएको बताए। सबै राजनीतिक दलहरूको बीचमा प्रधानमन्त्रीको भ्रमणलाई सफल बनाउने विषयमा सहमति रहेको जानकारी दिँदै छलफलका क्रममा महत्त्वपूर्ण सुझाव र सल्लाह प्राप्त भएको परराष्ट्रमन्त्री साउदले उल्लेख गरेका छन्। छलफलमा प्रमुख प्रतिपक्षी दल नेकपा (एमाले) ले प्रधानमन्त्रीको भ्रमणका क्रममा विगतमा भएका सम्झौता कार्यान्वयनमा जोड दिनुपर्ने सुझाव दिएको थियो।

एमालेका उपमहासचिव प्रदीप ज्ञवालीले नेपाल आफूले सदैव सन्तुलित असंलग्न परराष्ट्र नीतिमा प्रतिबद्ध रहेको विश्वास चीनलाई दिलाउँदै यसअघिको सहमति कार्यान्वयनमा जोड दिनुपर्ने सुझाव दिएको जानकारी दिए। नेपाल सदैव सन्तुलित असंलग्न परराष्ट्र नीतिमा रहेको भन्दै उनले चीन असल छिमेकी भएकाले पनि सोहीअनुरूप उच्च महत्त्व दिनुपर्ने र सोही विषयमा केन्द्रित गर्न आग्रह गरेको उनको भनाइ थियो।

पूर्वप्रधानमन्त्री समेत रहेका एमाले नेता ज्ञवालीले नयाँ-नयाँ योजनाका सूची प्रस्तुत गर्नुभन्दा पनि सन २०१६ देखि २०१९ सम्म भएका उच्चस्तरीय भ्रमण र त्यस क्रममा भएका समझदारीको कार्यान्वयनका लागि विश्वास जगाउन आफूले आग्रह गरेको जानकारी दिए।

छलफलका क्रममा नेताहरूले छिमेकीहरूसँग सन्तुलित कूटनीतिक सम्बन्ध कायम गर्न विशेष जोड गर्नुपर्ने, विगतका सम्झौताहरू कार्यान्वयनको अवस्थाबारे समीक्षा जरूरी रहेको बताए। सोहीबीच दुवै देशले एकअर्काको सुरक्षालगायत द्विपक्षीय चासोमा ध्यान दिनुपर्ने, नेपालको असंलग्न परराष्ट्र नीतिबारे छिमेकीलाई विश्वासमा लिनुपर्ने, नेपालले लाभ लिन सकिने विषयमा सघन गृहकार्य गरेर भ्रमणमा जानुपर्ने लगायतका विषयहरूमा ध्यान दिनुपर्ने सुझावहरू राख्नुभएको प्रधानमन्त्रीको सचिवालयले जानकारी दिएको हो।

छलफलबीच बोल्दै प्रधानमन्त्रीले आफ्नो चीन भ्रमण फलदायी र प्रभावकारी हुनेमा जोड दिँदै त्यसका लागि आवश्यक गृहकार्य गरिएको बताए। 'यो छलफल आसन्न चीन भ्रमणलाई बढीभन्दा बढी फलदायी र प्रभावकारी कसरी बनाउने भन्ने उद्देश्यका साथ बोलाइएको हो' प्रधानमन्त्रीले भने 'यहाँ तपाईंहरूले जुन सुझावहरू दिनुभएको छ ती सुझाव महत्त्वपूर्ण छन्। यसले मेरो भ्रमणलाई प्रभावकारी बनाउन सहयोग पुग्नेछ। भ्रमण फलदायी बनाउन सकेसम्म प्रयास गरिएको छ। भ्रमण फलदायी र प्रभावकारी हुन्छ।'

प्रधानमन्त्री दाहालले सरकारले दुवै छिमेकीका साथै विश्वसमुदायमा सन्तुलित सम्बन्ध कायम राख्ने प्रष्ट पार्दै नेपाल असंलग्न परराष्ट्र नीतिमा दृढ रहेको छलफलकै क्रममा बताए। संयुक्त राष्ट्रसंघको महासभामा नेपालले गरिरहेको विकास प्रयास, जलवायु परिवर्तन र त्यसले नेपालजस्ता मुलुकहरूलाई पारेको असर, शान्ति प्रक्रियालाई निष्कर्षमा पुऱ्याउन नेपालले खेलिरहेको भूमिकालगायतका विषयमा जानकारी गराउने र संयुक्त प्रयासका निम्ति अपिल गर्ने प्रधानमन्त्रीले जानकारी दिएका थिए।

कूटनीतिक तहमा राम्रो छलफल गरेर नै संयुक्त राष्ट्रसंघको महासभाबाट सिधै चीन भ्रमणमा जाने कार्यतालिका निर्धारण गरिएको भन्दै उनले भ्रमणका क्रममा नेपाल-चीन सम्बन्ध र दुईदेशीय हितका विषयमा केन्द्रित रहेर छलफल हुने बताए। छलफलका क्रममा नेपाली कांग्रेसका सभापति एवं पूर्वप्रधानमन्त्री शेरबहादुर देउवा नेकपा (एमाले) का अध्यक्ष खड्गप्रसाद ओली, नेकपा (एकीकृत समाजवादी)का अध्यक्ष माधवकुमार नेपाललगायतको सहभागीता रहेका थियो।

यसैगरी छलफलमा पूर्वपरराष्ट्रमन्त्रीहरू रमेशनाथ पाण्डे, डा प्रकाशचन्द्र लोहनी, प्रदीपकुमार ज्ञवाली, डा विमला पौडेल राई, प्रधानमन्त्रीका राजनीतिक सल्लाहकार हरिबोल गजुरेल, सुरक्षा सल्लाहकार शङ्करदास वैरागी, मुख्यसचिव डा वैकुण्ठ अर्याल, परराष्ट्र सचिव भरतराज पौडेलसहितको सहभागीता रहेको थियो।

# कोरियाली नेता किम-रुसी राष्ट्रपति पुटिन भेटवार्ता

**काठमाडौं।** उत्तर कोरियाली सर्वोच्च नेता किम जोङ उन र रुसी राष्ट्रपति भ्लादिमिर पुटिनबीच साइबेरियाको अमुर क्षेत्रस्थित रुसी अन्तरिक्ष केन्द्रमा भेटवार्ता भएको छ।

विगत केही महिनादेखि युक्रेन रुसीबीच घामासान लडाईं चलिरहेको स्थितिमा राष्ट्रपति पुटिन र नेता उनबीचको यो भेटवार्तालाई विश्वले महत्त्वका साथ लिएको भए पनि उत्तर कोरियालाई उसको जासुसी उपग्रह कार्यक्रममा मद्दत गर्ने योजनाअनुसार यो स्थान छनौट गरिएको रुसी समाचार संस्था आरआईए नोवोस्तीले दावी गरेको छ।

नेता किम कालो लिमोजिनमा कस्मोड्रोमको रकेट प्रक्षेपण गर्ने भवनमा आइपुग्दा राष्ट्रपति पुटिनले स्वागत गरेका थिए। सो भेटका क्रममा दुवै नेताले मुस्कुराउँदै हात मिलाए र केही शब्द आदान-प्रदान गरेको बताए। क्रेमलिनको आधिकारिक टेलिग्राम च्यानलमा पोस्ट गरिएको भिडियोमा दुई नेताले हात मिलाउँदै गरेको देखिन्छ।

नेता किमले राष्ट्रपति पुटिनलाई उनको व्यस्त कार्यतालिकाका बाबजुद पनि भ्रमणका निम्ति निमन्त्रणा गरेकोमा धन्यवाद व्यक्त गरेका थिए। यसबाट उत्तर कोरिया र रुसबीचको रणनीतिक सम्बन्ध र दुवै देशका समान प्राथमिकता प्रतिबिम्बित भएका उनले बताएका थिए।

यसअघि सन् २०१९ मा पनि रुसी राष्ट्रपति पुटिन र नेता किमबीच भेटवार्ता भएको थियो। द्विपक्षीय वार्तामा हतियार र सैन्य प्रविधि सम्झौता हुने अपेक्षा गरिएको छ। अन्तरराष्ट्रिय जगतले एक्ल्याएका नेताद्वयले हतियार सम्झौता गर्न सक्ने प्रवल सम्भावना रहेको सुरक्षा विश्लेषकहरूले बताएका छन्।

उनीहरूका अनुसार आफ्नो अभेद्य रेल चढेर रुस भ्रमण आएका नेता किमले उत्तर कोरियाका वरिष्ठ सैनिक अधिारीलाई साथमा ल्याएको अर्थ हतियार वार्ता हो भन्ने स्पष्ट हुन्छ।

राष्ट्रपति पुटिनले समेत आफूहरूबीच हतियारलगायत सबै विषयमा छलफल हुने सञ्चारकर्मीहरूलाई बताएको उल्लेख छ। हतियार आपूर्ति वा सैन्य-प्राविधिक सहयोगबारे छलफल हुन्छ कि भन्ने पत्रकारहरूको जिज्ञासामा पुटिनले त्यस्तो जवाफ दिएका बताइएको छ। नेता किमले उत्तर कोरियाको अन्तरिक्ष कार्यक्रम विकास गर्न चाहेको भन्दै त्यसका निम्ति भूउपग्रह सहयोग गर्ने उनले बताए।

रुसी रक्षामन्त्री सर्गेई शोइगु गत जुलाईमा प्योङ्याङको भ्रमण गएका थिए। त्यसबेला र हालै द्विपक्षीय संयुक्त नौसैनिक अभ्यासको प्रस्ताव गरिएको छ। दुई नेताबीचको वार्तामा ती विषयका साथै खाद्यान्न सहायतालगायत विषयमा छलफल हुने अपेक्षा गरिएको छ। नेता किमका साथ कोरियाली पीपुल्स आर्मी मार्शल पाक जोङ चोन र युद्धक पदार्थ उद्योग विभागका निर्देशक जो चुन योंङलगायत उच्च सैन्य अधिकारीहरू रहेकाले आपसी सैन्य सहयोग आदानप्रदानमा वार्ता केन्द्रित हुने प्रायः निश्चित रहेको विश्लेषकहरू बताउँछन्।

विश्वका सबैभन्दा धेरै सैन्य सामर्थ्य भएका देशमध्येको एक उत्तर कोरियाले युक्रेनविरुद्धको युद्धमा रुसलाई गोला रूसलाई आफूसँग भएका तोप, गोली र रकेट प्रस्ताव गर्ने सम्भावना रहेको पनि विश्लेषकहरूको भनाइ छ। प्योङ्याङले पुराना क्षेप्यास्त्र पनि प्रदान गर्नसक्ने विश्लेषकहरू बताउँछन्। उत्तर कोरियाको हतियार भण्डारमा रुसलाई चाहिने यथेष्ट उपकरण छन् किनभने उत्तर कोरियाले सन् १९५३ मा कोरियाली युद्ध समाप्त भएयता कुनै युद्ध लडेको छैन।

उत्तर कोरियाली नेता रुस भ्रमणमा रहेका बेला दक्षिण कोरिया र जापानले उत्तर कोरियाको पूर्वी तटबाट प्योङ्याङले छोटो दुरीका दुई वटा क्षेप्यास्त्र प्रक्षेपण गरेको बताएका छन्।

- आत्महत्या कुनै पनि समस्याको समाधान होइन,
- कुनै पनि समस्या र चुनौतीबाट नभागौं, डटेर सामना गरौं,
- सकारात्मक सोचको विकास गरौं, आशावादी बनौं,
- घरपरिवार र आफूमा आश्रित सदस्यको भविष्यमाथि विचार पुऱ्याऔं,
- आत्मविश्वास बढाऔं, समस्याको उचित समाधान पहिल्याऔँ।

नेपाल सरकार
विज्ञापन बोर्ड

कागेश्वरी मनोहरा नगरपालिकाको अनुरोध !

◆ सबै पालिकावासीले आफ्नो टोल, चोक, गल्ली, बाटोघाटोका साथै सबै सार्वजनिक जग्गा, मठ-मन्दिर, पाटी-पौवा, नदीनाला र अन्य सार्वजनिक स्थलको संरक्षण गरौं।
◆ पालिकालाई बुझाउनुपर्ने कर- सम्पत्ति कर, बहाल कर, मालपोत तथा भूमिकर, व्यवसायकरलगायत अन्य सबै किसिमका कर तथा दस्तुर समयमै तिरौं।
◆ पालिका क्षेत्रभित्र व्यवसाय गर्ने सबै प्रकारका व्यवसायीले अनिवार्यरूपमा आफ्नो व्यवसाय वडा कार्यालय र पालिकामा दर्ता गरेर मात्र सञ्चालन गरौं।
◆ व्यक्तिगत घटना (जन्म, विवाह, बसाइँसराइ, सम्बन्धविच्छेद र मृत्यु) घटना घटेको ३५ दिनभित्र वडा कार्यालयमा अनिवार्यरूपमा दर्ता गर्ने गरौं।
◆ पालिकाका हरेक विकास निर्माण कार्यमा सबै पालिकावासीहरूले सहयोग गरौं।

स्थानीय सरकार
कागेश्वरी मनोहरा नगरपालिका
बागमती प्रदेश, काठमाडौं, नेपाल

प्रकाशकः **कोसेली मिडिया सपोर्ट प्रा.लि.** सम्पादक : **सानु राय (गौतम) [९८४९६००२०९]** बजार व्यवस्थापक : **माधवप्रसाद न्यौपाने [९८४६५२८५०२]**
**कार्यालय** : जोरपाटी, काठमाडौं **फोन** : ९८४७३०५३८६ **इमेल** : janajibro.news@gmail.com **वेबसाइट** : www.janajibro.com **मुद्रण** : शर्मिला प्रिन्टर्स, डल्लु, काठमाडौं